गौमुल गाउँपालिका ९८४८४९२७२७

# गाउँ कार्यपालिकाको कार्यालय

घटमुना, बाजुरा

गौमुल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घटमुना, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सः २०८३।०८४

च.नं

मिति २०८३।०४।०८

नेपाल संवतः ११४६ दिल्लाथ्व दशमी शुक्रवार

मृगौला प्रत्यारोपण गरेका, डाइलाइसिस गरिरहेका, क्यान्सर रोगि र मेरुदण्ड पक्षघात बिरामीहरुले नाम दर्ता तथा नविकरण गर्ने सम्बन्धि सूचना।

प्रस्तुत विषयमा यस गौमुल गाउँपालिका अन्तर्गत "मृगौला प्रत्यारोपण गरेका, डाइलाइसिस गरिरहेका, क्यान्सर रोगि र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार वाफत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०७८" बमोजिम मासिक रु.५०००।- (अक्षरुपी पाँच हजार) का दरले उपचार खर्च प्राप्त गरिरहेका लाभग्राहीहरुले चालु आ.व. २०८३/०८४ मा औषधि उपचार खर्च प्राप्त गर्नका लागि नामावली नविकरणका साथै नयाँ बिरामीहरुले नाम दर्ता गर्न सम्बन्धित बिरामी वा निजको परिवारका सदस्यहरुले तपसिलका कागजात सहित श्रावण मसान्त भित्र नविकरण तथा दर्ता गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

४।०८

धुर्व राज थापा

नि. प्रमुख प्रशासकिय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

१. औषधि उपचार खर्च पाउँ भनी निवेदन अनुसूचि-२

२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि (नावालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि)

३. चिकित्सकले रोग प्रमाणित गरेको अनुसूचि-१

४. अस्पतालको बिरामी पुर्जाको प्रतिलिपि (विगत ३ महिना भित्रको फ्लोअप रिपोर्ट)

५. मेरुदण्ड पक्षघातका बिरामीको हकमा रातो र निलो कार्डको प्रतिलिपि

६. दोहोरो सुविधा नलिएको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (दोहोरो सुविधा भन्नाले नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्था वा संगठन संस्थाबाट रोजगारी/निवित्तिभरण/बैदेशिक संस्थाबाट रोजगारी/पेन्सन प्राप्त तथा नेपाल सरकारबाट उपलब्ध गराउदै आएको जेष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, दलित भत्ता, पिछडिएको भत्ता, अपाङ्ग भत्ता लगायत नेपाल सरकारबाट साबिकमा पाई आएको सामाजिक सुरक्षा भत्ता)

७. सम्वन्धित बिरामीको नाममा रहेको बैङ्क खाताको चेकको प्रतिलिपि

बोधार्थ

श्री सूचना प्रविधि अधिकृत ज्यू वेवसाइटमा अपलोड गरिदिन हुन ।